आज मिति २०७८/६/१८ गते दिनको १:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री राजन राज पन्तज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.स. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री राजन राज पन्त | |
| २. | नगर उप-प्रमुख | श्री विना कुमारी श्रेष्ठ | |
| ३. | वडाध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | |
| ४. | वडाध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मियाँ | |
| ५. | वडाध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | |
| ६. | वडाध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | |
| ७. | वडाध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | |
| ८. | वडाध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | |
| ९. | वडाध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | |
| १०. | वडाध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | |
| ११. | वडाध्यक्ष वडा नं. ९ | श्री कुल बहादुर कुँवर | |
| १२. | वडाध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | |
| १३. | वडाध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | |
| १४. | वडाध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | |
| १५. | वडाध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | |
| १६. | वडाध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | |
| १७. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | |
| १८. | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | |
| १९. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा मगर | — |
| २०. | नगर कार्यपालिका सदस्य | श्री विना कैनी | |
| २१. | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | |
| २३. | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | |
| २४. | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | |
| २५. | सचिव | श्री दिनेश राज पन्त | |
| | अन्य उपस्थिति | | |
| २६. | अधिकृत | चेत प्रसाद अधिकारी | |
| २७ | ना.प्र. | चित्र बहादुर अधिकारी | |
| २८ | का.स. | शोभा श्रेष्ठ | |
| | | | |

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्बत् २०७८ साल पौष १८ गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-

प्रस्तावहरुः-

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।
२. नवौं हिउँदे नगरसभा सम्वन्धमा ।
३. नगरपालिकाको स्थापना दिवस मनाउने सम्वन्धमा ।
४. पृथ्वी जयन्ती, २०७८ सम्वन्धमा ।
५. गोरखा नगरपालिकाको वन विधेयकको मस्यौदा समिति गठन सम्वन्धमा ।
६. वाल अधिकार समिति गठन तथा संचालन कार्यविधि, २०७८ सम्वन्धमा ।
७. गोरखा नगरपालिका र निलकण्ठ नगरपालिकावीच संयुक्त कार्यपालिका बैठक संचालन सम्वन्धमा ।
८. मिनिटिलर ५० प्रतिशत अनुदानमा वितरणका लागि थप रकम विनियोजन सम्वन्धमा ।
९. घाटहरुमा व्याक हु लोडर/लोडर प्रयोग सम्वन्धमा ।
१०. पश्चिमकाली चिल्ड्रेन पार्क मैदानमा भेरियसन अनुसारको रकम विनियोजन सम्वन्धमा ।
११. लुदी खोला घाट व्यवस्थापन सम्वन्धमा ।
१२. जिल्ला समन्वय समिति, गोरखा र न.पा. बीचको साझेदारीमा योजनाहरु संचालन सम्वन्धमा ।
१३. गोरखा नगरपालिकाको विकास प्राधिकरण विधेयकको मस्यौदा समिति गठन सम्वन्धमा ।
१४. गोरखा नगरपालिकाको प्रज्ञा प्रतिष्ठान विधेयकको मस्यौदा समिति गठन सम्वन्धमा ।
१५. ज्योतिष प्रशिक्षण कार्यक्रमका लागि वजेट विनियोजन सम्वन्धमा ।
१६. ECD व्यवस्थापन सम्वन्धमा ।
१७. वडा नं. १० को वडास्तरीय योजनाहरुलाई परिवर्तन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गर्ने सम्वन्धमा ।
१८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा भित्रका सडकको कच्ची नाला खन्ने तथा पक्की नाला सफा गर्ने योजना थप सम्वन्धमा ।
१९. पृथ्वी जयन्तीमा झाँकी तथा अन्य समूहहरुलाई अनुदान व्यवस्थापन सम्वन्धमा ।
२०. हरमटारी शौचालय माथि ट्रस निर्माण योजना परिवर्तन सम्वन्धमा ।
२१. गोरखा फाउन्डेसन झापाद्धारा होटल सत्यम, गोरखामा संचालित कार्यक्रमको लागि खर्च विनियोजन सम्वन्धमा ।
२२. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याटरसँगको समन्वयमा संचालित साहित्यिक कार्यक्रमको संचालन खर्च विनियोजन सम्वन्धमा ।
२३. विविध ।

राजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्बत् २०७८ साल पौष १८ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः-

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा,यस नगरपालिकाको नवौं हिउँदे नगरसभा मिति २०७८/१०/०७ गते शुक्रबार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा,गोरखा नगरपालिका (साविक पृथ्वी नारायण नगरपालिका) २०५३ साल माघ १५ गते स्थापना भएको अवसरमा यही माघ १५ गते शनिबार नगरपालिकाको स्थापना दिवस विविध कार्यक्रम गरी मनाउने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा,गोरखा नगरपालिकाको नेतृत्वमा पृथ्वी जयन्ती, २०७८ को अवसरमाविविध कार्यक्रमहरु गरी भव्यताका साथ मनाउने र उक्त दिन पौष २७ गते नगरपालिका कार्यालय, वडा कार्यालयहरु, न.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरु रशैक्षिक संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा,गोरखा नगरपालिकाको वन विधेयकको मस्यौदा तयार गर्न तपसिल बमोजिमको संयोजक र सदस्यहरु रहेको विधायन मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| क) वडाअध्यक्ष श्री राम बहादुर खड्का | - | संयोजक |
| ख) वडाअध्यक्ष श्री कृष्ण बहादुर खत्री | - | सदस्य |
| ग) वडाअध्यक्ष श्री राम कुमार थापा | - | सदस्य |
| घ) का.पा.स. श्री सावित्रा थापा मगर | - | सदस्य |
| ङ) का.पा.स. श्री मित्रा परियार | - | सदस्य |
| च) न.स.स. श्री शम्भु थापा | - | सदस्य |
| छ) वातावरण अधिकृत श्री ध्रुव प्रसाद घिमिरे | - | सदस्य- सचिव |



साजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा,बाल अधिकार समिति गठन तथा संचालन कार्यविधि, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा,यस नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना भएको धादिङ्ग जिल्लाको निलकण्ठ नगरपालिका र गोरखा नगरपालिकाबीच दुवै न.पा.कोसमझदारीमा समय र स्थान तय गरी संयुक्त कार्यपालिका बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा,मिनिटिलर ५० प्रतिशत अनुदानमा वितरणका लागि न.पा. बाट सूचना प्रकाशन गरिएकोमा कृषकहरुको अत्याधिक माग भएको हुँदा विनियोजित वजेट अपुग हुने भएकोले उक्त कार्यक्रममा तपसिलका कार्यक्रमहरुवाट निम्न वजेट मिनि टिलर खरिदका लागि विनियोजन गर्ने निर्णय गरियो ।

तपसिलः-

क) तरकारी विउ विजन ७५ प्रतिशतअनुदानमा वितरण कार्यक्रमवाट रु. ४ लाख,

ख) च्याउको विउ ७५ प्रतिशत अनुदामा वितरण कार्यक्रमबाट रु. २ लाख २५ हजार र

ग) प्लास्टिक घरमा खेती गर्ने कृषकहरुका लागि थोपा सिंचाई अनुदानमा वितरण कार्यक्रमबाट रु. २ लाख गरी कुल ८ लाख २५ हजार ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा,मिति २०७८/७/१४ को कार्यपालिकाबाट स्वीकृत IEEप्रतिवेदन अनुसार मर्स्याङ्दी नदी र दरौंदी नदीका विभिन्न घाटहरुबाट नदीजन्य पदार्थ ढुंगा, गिट्टी र बालुवा हाते औजारबाट मात्र उत्खनन गर्न कठिनाई हुने देखिएकोले स्वीकृत IEEअनुसारको परिमाण उत्खनन गर्न व्याक हु लोडर/ ~~[illegible]~~ o/Excavator प्रयोग गर्ने अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा,गोरखा नगरपालिकाको वडा नं. ५ मा रहेको पश्चिमकाली चिल्ड्रेन पार्क मैदानमा हाल चलिरहेको योजनामा रड Item नपुगेको,RCC Item बाँकी रहेको र वालको Quantity थप गर्नुपर्ने देखिएको र थप नगर्दा पिच गर्न नमिल्ने र गरेको पिच भत्कने अवस्था सिर्जना भएकोले उक्त योजनामा भेरियसन गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन र



गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय इम्रीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

प्रमुख

प्रमुख प्रशासकीय अधि...

Scanned with CamScanner

नियमावली बमोजिमरु. २६,१७,२८१/- (अक्षरुपी रु छब्बिस लाख सत्र हजार दुई सय एकासी रुपैया मात्र ।) भेरियसन गरी विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रस्ताव नं. ११ उपर छलफल गर्दा,गो.न.पा. १२ र १३ स्थित लुदी खोला घाटको व्यवस्थापन सम्बन्धमा न.पा. बाट मिति २०७८/५/८ गते र २०७८/८/२३ गते गरी २ पटक सम्म दरभाउपत्र आह्वान हुँदा समेत कुनै पनि दरभाउपत्र पर्न नआएको कारणले उक्त घाटको IEEमा स्वीकृत परिमाण र दररेट नघट्ने गरी सुचिकृत फर्मबाट दरभाउ पत्र माग गरी कार्य अगाडी वढाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२

प्रस्ताव नं. १२ उपर छलफल गर्दा,गोरखा नगरपालिका वडा नं. १, २, ५ र ९ का वडा कार्यालय र वडा नं. ८ को थाकलडाँडा खानेपानी योजनाको निर्माणका लागि जिल्ला समन्वय समिति गोरखा र नगरपालिकाबीच कार्यविधि बमोजिम संयुक्त साझेदारीमा उक्त योजनाहरु सञ्चालन गर्ने साथै उक्त खानेपानी मुहानमा कुनै पनि विवाद नभएकोले सोहि व्यहोरा जि.स.स., गोरखालाई लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. १३

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको विकास प्राधिकरण विधेयकको मस्यौदा तयार गर्न तपसिल बमोजिमको संयोजक र सदस्यहरु रहेको विधायन मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| क) वडाअध्यक्ष श्री खोप वहादुर अधिकारी | - | संयोजक |
| ख) वडाअध्यक्ष श्री राम वहादुर खड्का | - | सदस्य |
| ग) वडाअध्यक्ष श्री हरि वहादुर खनाल | - | सदस्य |
| घ) का.पा.स. श्री हरी गान्धारी | - | सदस्य |
| ङ) ईन्जिनियर श्री प्रकाश ढकाल | - | सदस्य-सचिव |

निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको प्रज्ञा प्रतिष्ठान विधेयकको मस्यौदा तयार गर्न तपसिल बमोजिमको संयोजक र सदस्यहरु रहेको विधायन मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| क) वडाअध्यक्ष श्री रहमतुल्ला मिँया | - | संयोजक |
| ख) वडाअध्यक्ष श्री देवी बहादुर वस्नेत | - | सदस्य |



गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इर्ष्याडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधि...

Scanned with CamScanner

ग) का.पा.स. श्री अप्सरा नेपाली रेग्मी - सदस्य

घ) का.पा.स. श्री कमला भट्ट - सदस्य

ङ) सा.वि.अ. श्री विजयभक्त उपाध्याय - सदस्य-सचिव

निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर छलफल गर्दा, नेपाल ज्योतिष प्रशिक्षण कार्यक्रम गरी गोरखा जिल्लाका ज्योतिषहरु र अन्य वैदिक समाजलाई ज्योतिष सम्बन्धि फलित ज्योतिष र नामाकरण सम्वन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न आवश्यक खाजा खाना वापतको रकम सहयोग माग गरेको र उक्त कार्यक्रमले स्थानीय ज्योतिष र वैदिक व्यक्तिहरुवीच अन्तर्क्रिया एवं प्रशिक्षण हुने भएकोले उक्त कार्यक्रममा रु. ३०,०००/- (अक्षरुपी रु. तीस हजार रुपैयाँ मात्र ।) विविध कार्यक्रम खर्च शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर छलफल गर्दा, श्री सूर्यज्योति प्राथमिक विद्यालय गो.न.पा.-३ बेनीखोला नारेश्वर गोरखामा कक्षा ३ सम्म संचालित सामुदायिक विद्यालयमा एक मात्र स्वीकृत प्राथमिक शिक्षक दरवन्दी रहेकोले दैनिक विद्यालय संचालनमा समस्या देखिएको हुँदा उक्त विद्यालयमा एक प्रारम्भिक वाल विकास शिक्षा कोटा नेपाल सरकारको प्रचलित सेवा सुविधा उपलब्ध गराउने गरी नगरपालिकाको आन्तरिक कोषवाट व्यवस्थापन गर्ने गरी १ प्रारम्भिक वाल विकास शिक्षा कोटा थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १७

प्रस्ताव नं. १७ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. १० को वडास्तरीय योजनाहरु विरिञ्चोक तिनघरे देखि विरेडाँडा सिढी वाटो निर्माण रु. २ लाख र मनोज घर देखि होमस्टे सम्म सिँढी वाटो निर्माण रु. १ लाख लाई एकीकरण गरी विरिञ्चोक तिनघरे देखि विरेडाँडा सिढीवाटो र मनोज घर देखि होमस्टे सम्म सिढी वाटो योजना रु ३ लाख वनाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८

प्रस्ताव नं. १८ उपर छलफल गर्दा, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा भित्रका सडकको कच्ची नाला खन्ने तथा पक्की नाला सफा गर्ने योजना थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

प्रस्ताव नं. १९ उपर छलफल गर्दा, राष्ट्रिय एकता दिवस तथा राष्ट्र निर्माता श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको ३०० औं जन्म जयन्ती कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गराउनेकोलागि



गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगाडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १९ उपर छलफल गर्दा, राष्ट्रिय एकता दिवस तथा राष्ट्र निर्माता श्री ५ वडामहाराजधिराज पृथ्वीनारायण शाहको ३०० औं जन्म जयन्ती कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गराउनकोलागि नगरपालिकाको विभिन्न वडाहरुबाट ऐतिहासिक तथा परम्परागत भेषभूषा सहित १० जना वा सो भन्दा बढीको समूहमा आउने समूहलाई प्रति समूह एकमुष्ट रु. ५ हजार रुपैयाँ तथा टोल विकास संस्था/आमा समूह र अन्य झाँकी र ब्यानर सहित उपस्थित समूहहरुलाई प्रति समूह रु. २ हजारका दरले प्रवर्द्धन तथा संरक्षणका लागि अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं. २०</u>

प्रस्ताव नं. २० उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ६ मा आ.ब. २०७८/०७९ मा नगरस्तरिय योजना तर्फ विनियोजन भएको **हरमटारी शौचालय माथि ट्रस निर्माण** ४ लाख परिवर्तन गरी **शौचालयको अगाडी दाँया बाँया पिलर उठाई ढलान गर्ने**गरी योजना परिवर्तनका लागि वडा नं. ६ को च.नं. ५०६ मिति २०७८/९/१६ को पत्रबाट अनुरोध भई आएकोले योजना परिवर्तन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २१</u>

प्रस्ताव नं. २१ उपर छलफल गर्दा, विसे नगर्ची तथा अन्य ऐतिहासिक पर्यटकीय क्षेत्र पहिचानको लागि गोरखा फाउन्डेसन झापाद्धारा होटल सत्यम, गोरखामा संचालित कार्यक्रमको लागि रु. ३३,०५२/- (अक्षरुपी रु. तेत्तिस हजार बाउन्न रुपैयाँ मात्र ) विविध कार्यक्रम खर्चबाट विनियोजन गरी भुक्तानी निर्णय गरियो ।

<u>निर्णय नं. २२</u>

प्रस्ताव नं. २२ उपर छलफल गर्दा, अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल च्याटरसँगको समन्वयमा होटल सत्यम, गोरखामा संचालित साहित्यिक कार्यक्रमको संचालन खर्च रु. ८२ हजार विविध कार्यक्रम खर्च शिर्षकवाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गोरखा, गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

आज मिति २०७८ पौष ३० गते दिनको २ बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री राजन राज पन्तज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रहेको छ ।

| क्र.स. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १. | नगर प्रमुख | श्री राजन राज पन्त | [signature] |
| २. | नगर उप-प्रमुख | श्री विना कुमारी श्रेष्ठ | [signature] |
| ३. | वडाध्यक्ष वडा नं. १ | श्री हिक्मत बहादुर कुँवर | [signature] |
| ४. | वडाध्यक्ष वडा नं. २ | श्री रहम तुल्ला मियाँ | [signature] |
| ५. | वडाध्यक्ष वडा नं. ३ | श्री राम बाबु बोगटी | [signature] |
| ६. | वडाध्यक्ष वडा नं. ४ | श्री खोप बहादुर अधिकारी | [signature] |
| ७. | वडाध्यक्ष वडा नं. ५ | श्री राम कुमार थापा मगर | [signature] |
| ८. | वडाध्यक्ष वडा नं. ६ | श्री नारायण प्रसाद अर्याल | [signature] |
| ९. | वडाध्यक्ष वडा नं. ७ | श्री विष्णु प्रसाद श्रेष्ठ | [signature] |
| १०. | वडाध्यक्ष वडा नं. ८ | श्री कृष्ण बहादुर खत्री | [signature] |
| ११. | वडाध्यक्ष वडा नं. ९ | श्री कुल बहादुर कुँवर | [signature] |
| १२. | वडाध्यक्ष वडा नं. १० | श्री देवी बहादुर बस्नेत | [signature] |
| १३. | वडाध्यक्ष वडा नं. ११ | श्री राम बहादुर खड्का | [signature] |
| १४. | वडाध्यक्ष वडा नं. १२ | श्री डिल बहादुर थापा | [signature] |
| १५. | वडाध्यक्ष वडा नं. १३ | श्री हरि बहादुर खनाल | [signature] |
| १६. | वडाध्यक्ष वडा नं. १४ | श्री राम बहादुर खड्का | [signature] |
| १७. | नगर कार्यपालिका सदस्य | श्री हरि बहादुर गान्धारी | [signature] |
| १८. | नगर कार्यपालिका सदस्य | श्री रञ्जिला श्रेष्ठ | [signature] |
| १९. | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा मगर | [signature] |
| २०. | नगर कार्यपालिका सदस्य | श्री विना कैनी | [signature] |
| २१. | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | [signature] |
| २२. | नगर कार्यपालिका सदस्य | श्री गिता थापा मगर | [signature] |
| २३. | नगर कार्यपालिका सदस्य | श्री मित्रा नेपाली परियार | [signature] |
| २४. | नगर कार्यपालिका सदस्य | श्री अप्सरा नेपाली रेग्मी | [signature] |
| २५. | सचिव | श्री दिनेश राज पन्त | [signature] |
| | अन्य उपस्थिति | | |
| २६. | प्रशासन शाखा प्रमुख | श्री चेत प्रसाद अर्गाई | [signature] |
| २७. | ना.सु. | श्री चित्र बहादुर अधिकारी | [signature] |
| | | | |
| | | | |

[signature]

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्वत् २०७८ साल पौष ३० गते बसेको नगर कार्यपालिका बैठकका प्रस्तावनाहरु-

प्रस्तावहरुः-

१. हालसम्मका कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
२. LISA को नतिजा सम्बन्धमा ।
३. नगर प्रमुखज्यू नगर विकास कोषको सदस्य मनोनित हुनु भएकोमा वधाई तथा धन्यवाद सम्बन्धमा ।
४. पृथ्वी जयन्तीमा सहयोग गर्नेहरुलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
५. पोषणमैत्री नगरपालिका कार्यान्वयनको प्रस्ताव सम्बन्धमा ।
६. नवौं नगरसभाको मिति परिवर्तन सम्बन्धमा ।
७. कोभिड सम्वन्धमा ।
८. न.पा. को स्थापना दिवस स्थगन सम्वन्धमा
९. सार्वजनिक निजी साझेदारी ऐन सम्वन्धमा ।
१०.जिल्ला अदालतको अतिथि भवन व्यवस्थापन रकम सम्बन्धमा ।
११.क्रिसमस पर्व खर्च सम्वन्धमा ।
१२.वडा नं २ र ५ को वडा कार्यालयको तला थप सम्वन्धमा ।
१३.नव प्रर्वतन साझेदारी कोषको फोकल पर्सन तोक्ने सम्बन्धमा ।
१४.नव प्रर्वतन कोपको लगत साझेदारी रकम सम्बन्धमा ।
१५. वडा नं. १४ प्युघरवेसी भट्टवेसी सडकको हिमपाइप रिटेनिङ्गवालको सम्बन्धमा ।
१६.नगर स्तरीय योजना परिवर्तन सम्बन्धमा ।
१७.प्रतिवद्धता सम्बन्धमा ।
१८. विविध ।

सजनराज पन्त
प्रमुख

प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

## सम्बत् २०७८ साल पौष ३० गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरुः-

निर्णय नं. १

प्रस्ताव नं. १ उपर छलफल गर्दा, हालसम्म नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे समिक्षा गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ उपर छलफल गर्दा, आ.ब. २०७७/०७८ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ (संशोधन सहित) बमोजिम गोरखा नगरपालिकाको स्वमूल्यांकनको प्रारम्भिक एकीकृत नतिजा उपर सूचकगत रुपमा छलफल गरी सम्वन्धित विषय क्षेत्रको यथार्थ अंकभार निर्धारण भएकोले संघीय तथा प्रादेशिक तहमा प्रेपित गर्ने तथा नगरपालिकाको वेवसाइट र सूचना पाटीमा सार्वजनिक गर्ने निर्णय गरियो । साथै नगरपालिका कार्यालयलाई निर्णय सफ्टवेयरमा अपलोड गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ उपर छलफल गर्दा, गोरखा नगरपालिकाका नगर प्रमुख श्री राजन राज पन्तज्यू नगर विकास कोषको संचालक समितिको सदस्यको रुपमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/९/१४ गतेको निर्णयबाट मनोनित हुनुभएकोमा उहाँलाई बधाई दिदै मनोनित गर्नुहुने शहरी विकास मन्त्रीज्यू लगायत सम्बन्धित सबै प्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको नेतृत्वमा पृथ्वी जयन्ती, २०७८ को अवसरमा विविध कार्यक्रमहरु गरी भव्यताका साथ मनाउन सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी संघ संस्था, समूह एवं व्यक्तिहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको पोषणमैत्री नगरपालिका कार्यान्वयनको प्रस्तावना, २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।साथै उक्त प्रस्तावना बमोजिम कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट सहित रकम विनियोजन गरिदिन राष्ट्रिय योजना आयोगमा लेखि पठाउन नगरपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको नवौं नगरसभा यही मिति २०७८ माघ ७ गते आयोजना गर्ने भनिएकोमा विशेष कारणवश उक्त दिनको सभा स्थगन गरी मिति २०७८ माघ २१ गते गर्ने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रसीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

राजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ७

प्रस्ताव नं. ७ उपर छलफल गर्दा, कोभिड-१९ को तेस्रो लहरको जोखिम बढ्दै गएकोले नगरपालिका क्षेत्रभित्र खोप अभियानलाई तीव्रता दिदै सुरक्षा सतर्कता अपनाउन सम्पूर्ण नगरवासीलाई अनुरोध गर्ने तथा भविष्यमा आइपर्न सक्ने कोभिडका संक्रमितको व्यवस्थापनका लागि गो.न.पा.-६ उद्योग वाणिज्य संघ गोरखाको भवनमा रहेको आइसोलेसन वार्ड सुचारु गराउने र सि.एस.आई.टी. टिमलाई तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको स्थापना दिवस यही माघ १५ गते मनाउने भनी २०७८/९/१८ को गोरखा नगरपालिका नगरकार्यपालिकाको निर्णय भएकोमा कोभिड-१९ को बढ्दो जोखिमलाई मध्यनजर गर्दै उक्त स्थापना दिवसको कार्यक्रम स्थगन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

प्रस्ताव नं. ९ उपर छलफल गर्दा, गोरखा नगरपालिकाको सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन सम्वन्धमा आवश्यक सुझावका लागि तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः-

| | | |
|---|---|---|
| क) संयोजक | - | वडाअध्यक्ष श्री डिल बहादुर थापा मगर |
| ख) सदस्य | - | वडाअध्यक्ष श्री राम बहादुर बोगटी |
| ग) सदस्य | - | का.पा.स. श्री विना कैनी |
| घ) सदस्य | - | का.पा.स. श्री गीता थापा मगर |
| ङ) सदस्य सचिव | - | अधिकृत श्री अम्बिका घिमिरे |

निर्णय नं. १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा, गोरखा जिल्ला अदालतको नयाँ भवनमा अतिथि कक्ष व्यवस्थापनका लागि आवश्यक पर्ने रकम रु. ४०,८००/- (अक्षरुपी रु. चालिस हजार आठ सय रुपैयाँ मात्र ।) अदालतको च.नं. १३१९ मिति २०७८/९/२९ को पत्रबाट माग भई आएकोमा उक्त रकम भुक्तानी दिने निर्णय गरियो ।

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय प्रृथ्वीडाँडा, गोरखा गण्डकी प्रदेश, नेपाल

राजनराज पर्न्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

<u>निर्णय नं. ११</u>

प्रस्ताव नं. ११ उपर छलफल गर्दा, गोर्खाली ख्रिष्टिय समुदाय गोरखा नगर समितिले क्रिसमस पर्वको अवसरमा आयोजना गरेको कार्यक्रमका लागि जात्रा पर्व शिर्षकबाट रु. १ लाख विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. १२</u>

प्रस्ताव नं. १२ उपर छलफल गर्दा, गोरखा नगरपालिका २ नं. वडा कार्यालयको भवनको तला थप र ५ नं. वडा कार्यालयको भवनको तला थपको लागि जिल्ला समन्वय समितिको कार्यालय, गोरखा र यस नगरपालिका बीच कार्यविधि वमोजिम संयुक्त साझेदारीमा उक्त योजनाहरु सञ्चालन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १३</u>

प्रस्ताव नं. १३ उपर छलफल गर्दा, प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, गण्डकी प्रदेशबाट निकालिएको सूचना अनुसार यस कार्यालयबाट नवप्रवर्द्धन साझेदारी कोष अवधारणा पत्र तयार गरी पेश गर्न यस गोरखा नगरपालिकामा कार्यरत वातावरण अधिकृत श्री ध्रुव प्रसाद घिमिरेलाई त्यस कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने र प्रस्ताव तयार गरी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, गण्डकी प्रदेशमा पेश गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. १४</u>

प्रस्ताव नं. १४ उपर छलफल गर्दा, प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, गण्डकी प्रदेशबाट निकालिएको सूचना अनुसार यस कार्यालयबाट नवप्रवर्द्धन साझेदारी कोष अवधारणा पत्र पेश गर्दा नगरपालिकाको तर्फबाट गरिने ३० प्रतिशत लागत सहभागिता व्यहोर्ने र सो कार्यक्रम कार्यान्वयन गर्न तपसिल वमोजिमको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिलः-</u>

| | | |
|---|---|---|
| क) नगर उपप्रमुख श्री विना कुमारी श्रेष्ठ | - | संयोजक |
| ख) वडाध्यक्ष श्री राम बहादुर खड्का (वडा नं. ११) | - | सदस्य |
| ग) वडाध्यक्ष श्री राम कुमार थापा मगर | - | सदस्य |
| घ) का.पा.स. श्री सावित्रा थापा मगर | - | सदस्य |
| ङ) वातावरण अधिकृत श्री ध्रुव प्रसाद घिमिरे | - | सदस्य-सचिव |

गोरखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, ढुंग्रीडाँडा, गोरखा, गण्डकी प्रदेश

प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# गोरखा नगरपालिका, नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर छलफल गर्दा, यस गोरखा नगरपालिका वडा नं. १४ प्युघरवेसी भट्टवेसी सडकको हिमपाइप कल्भर्ट जिर्ण देखिएको र तत्काल निर्माण गर्नुपर्ने भएकोले रिटेनिङ्गवालको लागि मर्मत सम्भार कोषबाट रु. ५ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १६

प्रस्ताव नं. १६ उपर छलफल गर्दा, गोरखा नगरपालिका वडा नं. ८ को तपसिलमा उल्लेखित नगरस्तरीय योजनाहरु परिवर्तन गर्ने निर्णय गरियो ।

तपसिलः-

| साविकको योजना | परिवर्तन पछिको योजना | परिवर्तन गर्नुपर्नाका कारण |
|---|---|---|
| वोहरा धारा खा.पा. मुहान संरक्षण तथा खा.पा. कार्यलय ट्रस निर्माण | ठूलो ढुङ्गा देखि पदेलबोट सम्मको सडक निर्माण | ढलान गर्ने कार्य अपुरो भएकोले |
| पिङ चौतारा कोल चौतारा बाटो निर्माण | आलेगाउँ चोक देखि पूर्वाधार कार्यालय जाने बाटो ढलान | जग्गा विवादको कारण |

निर्णय नं. १७ उपर छलफल गर्दा यस गोरखा नगरपालिका वडा नं १० मा अवस्थित श्री रत्नराज्य माध्यमिक विद्यालय खेल मैदान विस्तारको लागि आवश्यक रकमक रु ६५८२१६७.१५ को ६० प्रतिशतले हुन आउँने लागत रकम यस नगरपालिकाले वेहोर्ने निर्णय गरियो ।

सृजनराज पन्त
प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
झ्याँडाँडा, गोरखा
गण्डकी प्रदेश

Scanned with CamScanner